# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८०/१०/९

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ, महोत्तरी शाखाका सचिव तथा अन्नपूर्ण पोस्ट दैनिकका संवाददाता राजकरण महतोमाथि काठमाडौंमा सार्वजनिक यातायातका सहचालकले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।
महासंघ महोत्तरी शाखाका अनुसार यही माघ ७ गते दिउँसो काठमाडौं तीनकुनेस्थित सडक किनारमा रोकीराखेको बा.२.ख ४५३४ नम्बरको सुन्दरीमाई यातायात नामको बसका सहचालक र चालकले साम्प्रदायिक विभेदपूर्ण गाली गर्नुकासाथै अश्लील गालीगलौज गरेका थिए ।

महासंघ हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्न सरकारसँग माग गर्दछ । साथै, महासंघ घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न सम्बन्धित पक्षसँग माग गर्दछ ।

**रोसन पुरी**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-01-5918673, 5918763, Email: fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org